आज मिति २०७९ साल भाद्र २२ गते बुधवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१ : मिति २०७९/५/७ को निर्णय समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : विद्युत महशुल ५०% अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.३ : सडक बत्ती सम्बन्धमा ।
प्रस्ताव नं.४ : भुमिगत विद्युतीय लाइन व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.५ : दुरसञ्चार लाइन व्यवस्थापनको लागि भूमिगत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६ : सुरक्षित नागरिक आवास सम्बन्धमा ।
प्रस्ताव नं.७ : हिमालय आँखा अस्पतालको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८ : स्वास्थ्य बिमा सम्बन्धमा ।
प्रस्ताव नं.९ : वार्षिक समिक्षा गोष्ठी सम्बन्धमा ।
प्रस्ताव नं.१० : कार्यालय प्रमुखहरुसँग समन्वयात्मक बैठक बस्ने सम्बन्धमा ।
प्रस्ताव नं.११ : बजार अनुगमन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२ : व्यास झुला निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१३ : सेवा करार सम्झौता गरी रोजगारी प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४ : भवन निर्माण सुपरीवेक्षण सम्बन्धमा ।
प्रस्ताव नं.१५ : मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं.१६ : व्यास नगरपालिका सार्वजनिक खरिद यिमावली सम्बन्धमा ।
प्रस्ताव नं.१७ : अत्यावश्यक विषयमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८ : घर भाडा सम्बन्धमा ।
प्रस्ताव नं.१९ : योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२० : निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१ : सरसफाई केन्द्र जग्गा खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२२ : शैक्षिक बेरोजगार महिला र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई अनुदान वितरण प्रकृया अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.२३ : गुणादी बाराहीबाट दमौली बजारमा प्राप्त मुल व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२४ : कृषि एम्बुलेन्स खरिद अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.२५ : आर्थिक प्रस्ताव तथा आय ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६ : कोभिड व्यवस्थापन अस्पताल निर्देशक समितिमा सदस्य मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.२७ : एकल महिला पुरुष तथ्याङ्क संकलन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** मिति २०७९/५/७ मा भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२:** यस नगरपालिका अन्तर्गत टोल विकास संस्थाबाट सञ्चालित लिफ्टिङ्ग खानेपानीको विद्युत महशुलमा ५०% नगरपालिकाले अनुदान दिने निर्णय गरियो । साथै उपभोक्ताहरुबाट उठाईएको महशुलमा शुल्क घटाउन समेत अनुरोध गर्ने ।

**निर्णय नं.३:** व्यास नगरपालिका अन्तर्गत विभिन्न टोल विकास संस्थाबाट सञ्चालित सडक बत्तीको महशुलको विश्लेषण गरी आगामी बैठकमा पेश गरी ५०% महशुल छुटको श्रोत व्यवस्थापन गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.४:** व्यास नगरपालिकाको मुख्य बजार क्षेत्र वडा नं. १, २, ३ र ४ मा भूमिगत विद्युतीय लाइन व्यवस्थापनको लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने ।

**निर्णय नं.५:** व्यास नगरपालिकाको मुख्य बजार क्षेत्र वडा नं. २, ३ र ४ मा यत्रतत्र छरिएका अव्यवस्थित दुर सञ्चार सेवा प्रदायक संस्थाका तारहरुलाई भूमिगत गर्न सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने ।

**निर्णय नं.६:** मिति २०७९/५/१८ गतेको सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकको निर्णय नं. २ अनुसार यस नगरपालिकालाई २०० थप आवास संख्या भएकोले १–४, ७–१४ वडा कार्यालयले कार्यक्रम कार्यान्वयनको लागि तत्काल सूचना जारी गरी निवेदन माग गर्ने ।

**निर्णय नं.७:** हिमालय आँखा अस्पताल पोखराले यस पालिका अन्तर्गतका स्वास्थ्य इकाईको भवनमा कोठा उपलब्ध गराई प्राविधिक, प्रशासनिक र आर्थिक दायित्व उक्त अस्पतालको हुने गरी र व्यास नगरपालिकाको अभभिावकत्व रहने गरी उपचार केन्द्र स्थापना गर्न सहकार्यको प्रस्ताव आएकोमा उक्त प्रस्ताव स्वीकृत गर्ने ।

**निर्णय नं.८:** पत्रकार महासंघ तनहुँको सिफारिस अनुसार यस अघि गरिएको स्वास्थ्य बिमालाई निरन्तरता दिने ।

**निर्णय नं.९:** व्यास नगरपालिकाको गत आ.व. २०७८/०७९ को नीति, योजना तथा बजेट कार्यक्रमको कार्यान्वयनको वार्षिक समिक्षा गोष्ठी २०७९/५/२८ गते गर्ने ।

**निर्णय नं.१०:** व्यास नगरपालिका क्षेत्रभित्र आ.व. २०७९/०८० मा कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयनको लागि जिल्ला स्थित संघ अन्तर्गत र प्रदेश अन्तर्गतका कार्यालय प्रमुखहरुसँग समन्वयात्मक बैठक आयोजना गर्ने ।

**निर्णय नं.११:** नेपालीहरुको महान चाडहरुको पूर्व सन्ध्यामा नगरस्तरीय, वडास्तरीय बजार अनुगमन गर्ने ।

**निर्णय नं.१२:** व्यास ३ र व्यास ५ जोड्ने झोलुङ्गे पुलमा व्यास झुला निर्माणको लागि स्वीकृत ल.ई. अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्ने ।

**निर्णय नं.१३:** व्यास नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाका विभिन्न संकायका Topper विद्यार्थीहरुको Roaster तयार गरी Talant Hunt कार्यक्रम सञ्चालन गर्ने र निजहरुले नगरपालिका अन्तर्गतका निकाय Volunteer सेवा गर्न चाहेमा सेवा करार सम्झौता गरी रोजगारी प्रदान गर्ने ।

**निर्णय नं.१४:** आर्थिक ऐन, २०७९/०८० को दफा १६ सँग सम्बन्धित अनुसूची १४ को बुँदा नं.(६) को भवन निर्माण सुपरीवेक्षणमा लाग्ने दस्तुर सम्बन्धी निर्णय आजको मितिबाट कार्यान्वयन नगर्ने ।

**निर्णय नं.१५:** व्यास नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** व्यास नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने ।

(क) आ.व. २०७८/०७९ को निर्णयानुसार भुक्तानी दिनुपर्ने (शिर्षक २५४ बाट) :-

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १. | लाङघाली नमुना मगर आमा समूह टेन्ट खरिद | १२ | ४८,०२५।०० |
| २. | अगुमाया राना घर संरक्षण | १२ | २०,०००।०० |
| ३. | सरस्वती सुनार घर संरक्षण | १२ | २०,०००।०० |
| ४. | राष्ट्रिय विभुती अमर सिंह थापा स्मृति प्रतिष्ठान अध्ययन भ्रमण | १२ | २,००,०००।०० |
| ५. | सेवर दुग्धउत्पादक सहकारी संस्था लिमिटेड गोठ निर्माण सुधार | १० | १,५०,०००।०० |

| | | | |
|---|---|---|---|
| ६. | राम बहादुर सार्की, शौचालय निर्माण | ९ | १६,९३२।०० |
| ७. | व्यास नगर डिजिटल नक्शाङ्कन कार्य स्टोरी साईकल ईन्क प्रा.लि. भुक्तानी | | ३,९८,३२५।०० |

(ख) विपद अन्तर्गत (शिर्षक ९०९ बाट) :-

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १. | करिम मिया, खेत संरक्षण | ६ | १,००,०००।०० |
| २. | विष्णुमाया सुनार, घर संरक्षण | ७ | ४०,०००।०० |
| ३. | सुरेश नेपाली, धन्सार आगलागी | १० | १५,०००।०० |
| ४. | सशिधर सार्की, धन्सार आगलागी | १० | १५,०००।०० |
| ५. | शरणहरी  पन्थ, घर कुलो संरक्षण | १३ | ६०,०००।०० |
| ६. | व्यास १-११ जोड्ने कजवे बाढीबाट क्षती मर्मत | ११ | १,००,०००।०० |
| ७. | व्यास १० दुम्सीकोट ओमशान्ती भवन सामुदायिक भवन पैह्रो संरक्षण | १० | ४,००,०००।०० |
| ८. | सलमान मियां घर संरक्षण निर्माण | ६ | ५०,०००।०० |

(ग) विविधः-

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | बैरेनीटोल आमा समूह प्लाष्टिक कुर्ची खरिद | १० | ३०,०००।०० | ९१८ |
| २. | छाब्दी फुर्लुङ्गे टोल सडक बत्ती विस्तार | १२ | २,००,०००।०० | ९२१ |
| ३. | कलेस्ती खानेपानी योजनाको मोटर प्यानल खरिद | ७ | २०,०००।०० | ९१३ |
| ४. | पार्वती तिवारी सिँचाई पाइप | १३ | २५,०००।०० | ९२३ |
| ५. | सृजनशिल टोल बाटो मर्मत विस्तार | १ | ४०,०००।०० | ९३५ |
| ६. | अमर शहिद मार्गमा स्ल्याब राख्ने काम | ९ | ६०,०००।०० | ९३५ |
| ७. | धारादी खानेपानी पाइप विस्तार | १३ | १,२०,०००।०० | ९२३ |
| ८. | चुदेर एकिकृत पर्यटन विकास कार्यक्रम | ५ | ४,००,०००।०० | २५२ |
| ९. | आशिष थापा, अपाङ्गतामैत्री ल्यापटप खरिद | १३ | ८०,०००।०० | २०७ |
| १०. | शिशिर पन्थ, मृगौला पीडित उपचार खर्च | १३ | ४०,०००।०० | ५३ |
| ११. | सृजना कृषि फर्म प्लाष्ट्रिक ट्याङ्की खरिद सहयोग | १३ | ३०,०००।०० | ९२३ |
| १२. | मनकामना आश्रम छाना मर्मत | ११ | १,४०,०००।०० | ९३५ |
| १३. | कुमालटारी टोल विकास खानेपानी पाइप खरिद | १० | २०,०००।०० | ९२३ |
| १४. | रिस्ती कृषि फार्म सिँचाई पाइप खरिद | ८ | ७०,०००।०० | ९२० |

| | | | | |
|---|---|---|---|---|
| १५. | आहाले खेत सिँचाई पाइप खरिद | ८ | १७,०००।०० | ९२० |
| १६. | पदम बहादुर थापा, प्राविधिक शिक्षा छात्रवृत्ति | ९ | ५०,०००।०० | १९९ |
| १७. | पूर्व जनप्रतिनिधि शनिसरा दरै, उपचार खर्च | १० | ४०,०००।०० | ५३ |
| १८. | कोलढुङ्गा क्रिकेट मैदान निर्माण | ११ | १०,००,०००।०० | ९१२ |
| १९. | केशवटार मा.वि. कम्पाउण्ड निर्माण | १४ | ५,००,०००।०० | ९१० |
| २०. | शिव मा.वि. शौचालय, नृत्य हल निर्माण | | ४,००,०००।०० | ९१० |
| २१. | लक्ष्मी आ.वि. मा खानेपानी थप | | ४३,५००।०० | ९१० |
| २२. | बैरेनी बोटेगाउं खानेपानी कुवा मर्मत बाटो समेत | १० | ३,००,०००।०० | ९२३ |

**निर्णय नं.१८:** यस नगरपालिका अन्तर्गतका नगरपालिकाभित्र घरबास नभएका कर्मचारीहरुलाई यस अघि दिइदै आएको घरभाडा सुविधा मापदण्ड बनाए पछि मात्र उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९: (क)** व्यास नगरपालिका वडा नं.२ अन्तर्गत आ.व. २०७९/०८० को बजेट शिर्षक क्र.सं. ४०८ मा भएको ओमशान्ति भवनमा टाइल विच्छ्याउने योजना परिवर्तन गरी ओमशान्ति भवनमा आल्मुनियम पार्टेशन र जिप्सन लगाउने कार्यमा खर्च हुने गरी वडा समितिको सिफारिस अनुसार रू.३,५०,०००।- को योजना आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

(ख) वडा नं. १ बजेट शिर्षक नं. ३७५ को रु. ५,००,०००।०० को कुन्छाली चोक छाब्दी मार्गबाट भद्रुटारी रिङ्गरोड जाने बाटोमा पक्की नाला निर्माण योजना कार्यान्वयन गर्न स्थानीय रुपमा विवाद भएकाले आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी सो योजना परिवर्तन गरी कुन्छाली टोल छाब्दी मार्गमा स्ल्याब राख्ने निर्णय गरिन्छ ।

(ग) वडा नं.५ को क्रमागत बजेट शिर्षक नं. १०२ को "सिन्धु मार्ग देखि उत्तर बेतेनी कुवा हुदै माहेन्द्री मार्ग जोड्ने बाटो खोल्ने योजनाको रकम रू.२,००,०००।- को योजना परिवर्तन गरी बेतेनी कुवा मर्मत तथा संरक्षणको लागि विनियोजन गर्ने गरी आगामी नगरसभाबाट अनुमोदन गराई संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** शिक्षा तथा सामाजिक विकास शाखाबाट सिफारिस भई आएका निम्न विषयहरुमा निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

(क) व्यास नगर समता विद्यालयमा प्र.अ. पदमा प्रा.वि. स्थायी शिक्षक श्री अर्जुन सुनारलाई नियुक्ति गर्ने ।

(ख) व्यास नगरपालिका वडा नं. १४ स्थित श्री अमरज्योती आधारभुत विद्यालयमा एक बर्षे अनुदान कोटामा अध्ययन अनुमती पत्र पटक पटक विज्ञापन गर्दा प्राप्त शिक्षकको दरखास्त नपरेकाले नियमानुसार अध्ययन अनुमती भएको दरखास्त परेमा सोही मध्येबाट र अध्ययन अनुमती प्राप्त नभएपनि योग्यता पुगेका शिक्षक नियुक्ति अनुमती प्रदान गर्ने ।

(ग) व्यास नगरपालिका वडा नं.१ स्थित सेतो गुराँस बालबाटिका २०५९/२/११ मा तत्कालिन जि.सि.का तनहुँबाट कोटा प्राप्त भई सञ्चालनमा रहेको तर हालसम्म अनुमती पत्र नभएकाले सो केन्द्र सञ्चालनको अनुमती पत्र प्रदान गर्ने ।

(घ) व्यास नगरपालिकाभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयका विभिन्न शुल्कहरुको अनुगमन गरी पेश गर्न शिक्षा समितिबाट गठित निम्नानुसार समितिको अनुमोदन गर्ने ।

| | |
|---|---|
| १. संयोजक श्री इन्दिरा दरै | – उपप्रमुख |
| २. सदस्य श्री काजीमान श्रेष्ठ | – संयोजक, सामाजिक विकास शाखा |
| ३. सदस्य श्री नारायणदत्त पौडेल | – सदस्य, शिक्षा समिति |
| ४. सदस्य श्री सन्त तामाङ | – सदस्य, शिक्षा समिति |
| ५. सदस्य सचिव श्री नविन पराजुली | – प्रमुख, शिक्षा तथा सामाजिक विकास शाखा |

(ङ) व्यास नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति प्रतिनिधि सहभागी गराउने गरी सामाजिक परीक्षण/लेखा परीक्षण र विद्यालय सुधार योजना निर्माणका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं.२१:** मिति २०७९/५/७ गते व्यास नगरपालिका वडा नं.१० स्थित मंगली गैह्रामा सरसफाई केन्द्र स्थापना गर्न जग्गा खरिद स्वीकृत प्रकृया अघि बढाउने निर्णय भएकोमा स्थानीयहरुको गुनासोका आधारमा अन्य सरसफाई व्यवस्थापन, गौशाला व्यवस्थापन कार्यमा उक्त वडाबासीले पुऱ्याएको सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै उक्त मंगली गैह्राको जग्गा खरिद प्रकृया स्थगित गरी बैकल्पिक जग्गा खरिद प्रकृया अघि बढाउन जग्गा खरिद सिफारिस समितिलाई जिम्मा दिने र नगर कार्यपालिकाका सदस्यहरु र सम्भावित जग्गाका टोल संस्थाका प्रतिनिधि समेत उदाहरणीय सरसफाई केन्द्रको अवलोकन भ्रमणमा यसै महिनाभित्र जाने निर्णय गरियो ।

**निर्णय नं.२२:** शैक्षिक बेरोजगार महिला र वैदेशिक रोजगारीबाट फर्की आएका युवा व्यवसायीहरुलाई कार्यविधि अनुसार अनुदान दिने प्रकृया अघि बढाउन सम्बन्धित कृषि पशु तथा सहकारी र महिला तथा बालबालिका शाखा, उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** म्याग्दे गाउँपालिका वडा नं.१ गुणादी बाराही मुलबाट दमौली बजारमा विगत ४० बर्ष देखि आएको पानीको मुल व्यवस्थापन, अन्य भौतिक संरचना निर्माणमा विगतमा भएका पटक-पटकका सहमती कार्यान्वयन हुन बाँकी भएको स्थानीयको गुनासो भएकाले उक्त मुलबाट दमौलीबासीलाई खानेपानी उपलब्ध भई रहेकाले स्थानीय गुणादी बाराही मन्दिरसँग सम्बन्धित उपभोक्ताहरुसँग सम्झौता गरी योजना निर्माण गर्न हाललाई आ.व. २०७९/०८० को बजेट शिर्षक नं. ९२३ बाट रू.५,००,०००।- विनियोजन गर्ने र त्यस क्षेत्रको गुरु योजना निर्माण गर्न सहयोग पुऱ्याउने समेत निर्णय गरियो ।

**निर्णय नं.२४:** व्यास नगरपालिकाको आ.व. २०७९/०८० को शिर्षक नं. ९१५ मा विनियोजित रकम कृषि एम्बुलेन्स खरिदका लागि कृषि व्यवसायसँग सम्बद्ध सहकारी मार्फत १५ दिने प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** तल लेखिए बमोजिम आर्थिक प्रस्ताव र आय ठेक्का स्वीकृत गर्ने निर्णय गरियो ।

(क) विश्व बैंकको आर्थिक सहयोगमा शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्रस्तावित विभिन्न ३ वटा सडकहरु मध्ये प्राथमिकतामा पर्ने सडकलाई विस्तृत सर्भे, डिजाइन, विस्तृत लागत अनुमान तयार गर्ने, बोलपत्र सम्बन्धी कागजपत्र तयार गर्ने, निर्माणको सुपरभिजन सहित अन्तिम प्रतिवेदन निर्माण गर्ने कार्यको लागि परामर्शदाता संस्था छनौट गर्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता भएको विभिन्न परामर्शदाता संस्थाका प्राविधिक तथा आर्थिक प्रस्ताव मध्ये श्री BOTEK Bosphorus Technical Consulting Corp, Istanbul, Turkey IV With

GOEC Nepal PVT. Ltd. Buddhanagar, Kathmnandu ले दर्ता गरेको प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भएको र शहरी शासकीय पूर्वाधार विकास कार्यक्रमबाट समेत NO Objection प्राप्त भएको हुँदा उक्त फर्मले कवोल गरेको रकम (मु.अ. कर समेत) रू.२,८०,८०,५००।- (अक्षेरुपी दुई करोड असी लाख असी हजार पाँचसय रुपैंया मात्र) अङ्कको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

(क) प्राकृतिक श्रोत साधनको उपयोग गरे वापत वातावणमा पर्न जाने क्षती न्यूनीकरण गर्न व्यास नगरपालिका क्षेत्रभित्र उत्पादन/प्रशोधन हुने सामाग्रीहरु अन्यत्र लैजादा लाग्ने वातावरण शुल्क उठाउने (ठेक्का नं. १/Vyasmun/०७९/०८०) सम्बन्धमा प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फम/कम्पनीका बोलपत्र मध्ये न.पा. कार्यालयबाट स्वीकृत न्यूनतम मूल्य (मु.अ. कर र आयकर बाहेक) रू.८४,७०,०००।- मा सबैभन्दा बढी प्रतिशत अङ्क कवोल गरी बोलपत्र दर्ता गराउने श्री खनाल इन्भेष्टमेन्ट कन्स्ट्रक्सन व्यास ४ तनहुँले कवोल गरेको (मु.अ. कर र आयकर बाहेक) रू.१,२५,७५,५५५।- अङ्कको सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले मूल्याङ्कन समितिको सिफारिस बमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** कोभिड व्यवस्थापन अस्पताल सञ्चालन सम्बन्धी कार्यविधीको प्रावधान अनुसार अस्पताल निर्देशक समितिमा वडा नं. ५ वडाध्यक्ष श्री बिष्णु कुमार श्रेष्ठ हिमाल र कार्यपालिका सदस्य श्री चन्द्रमायां परियारलाई मनोनयन गर्ने निर्णय गरिन्छ । साथै नगर सभाका १ महिला सहित २ जना अस्पताल व्यवस्थापन समितिमा नगर सभा सदस्य श्री ईश्वर पौडेल र श्री कमला बि.क.लाई मनोनयन गरिन्छ ।

**निर्णय नं.२७:** व्यास नगरपालिकाको नीति कार्यकम (बुंदा नं.२०५) र बजेट कार्यकम शिर्षक २५३ अनुसार एकल महिला तथा एकल पुरुषलाई वितरण गरिने सहयोग कार्यकमका लागि वडागत तथ्याङ्क वडा कार्यालय मार्फत २०७९ आश्विन मसान्त भित्र संकलन गरि पेश गर्ने निर्णय गरिन्छ ।